नौमुले गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नौमुले, दैलेख

कर्णाली प्रदेश, नेपाल


प.सं.: २०७८/०७९

च.नं.: ——

मितिः २०७८/०९/२९

विषयः विद्युतीय, अनलाइन, नेटवर्किङ्ग गतिविधि नियन्त्रण सम्बन्धी सूचना ।

श्री जो जससँग सम्बन्ध राख्दछ ।

उपरोक्त सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (संघीय मामिला शाखा) को प.सं. २०७८/०७९, च.नं. ५७, मिति २०७८/०९/२८ तथा गृह मन्त्रालयको पं.सं. शा.सु. ०७८/०७९/०८, च.नं. १४२३, मिति २०७८/०९/२३ को प्राप्त पत्रानुसार सूचना प्रविधिको विकाससँगै पछिल्लो समयमा इजाजत नलिई अनलाईन वा विद्युतीय कारोबारका नाममा गाँउ, टोल, समाजमा नेटवर्किङ व्यवसाय, अनलाइन व्यवसाय, अनलाइन बैंकिङ्ग, अनलाइन सहकारी, अनलाइन बीमा, अनलाइन गेमिङ, घुम्ती बैंकिङ्ग वा यस्तै प्रकृतिका अन्य नाममा व्यवासायीक क्रियाकलाप गैर कानूनी रुपमा फस्टाउँदै गएकोले यस किसिमका अनलाइन वा नेटवर्किङ्ग व्यवसायका नाममा हुने इजाजत प्राप्त बाहेकका जुनसुकै गतिविधिहरुको निगरानी गर्ने, नियन्त्रण गर्ने र त्यस्ता गैरकानूनी कार्य गरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही गर्ने व्यवस्था आदेश भएको हुँदा यस गाउँपालिका भित्र उल्लेखित गैरकानूनी कामकाज नगर्न/नगराउनु हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ । अन्यथा प्रचलित कानून बमोजिम भई जाने व्यहोरा समेत जानकारी गराइन्छ ।

(रेशम बहादुर बुढा)

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री वडा कार्यालय (सबै)

नौमुले गाउँपालिका, दैलेख



website: naumulemun.gov.np Email: naumulegapa@gmail.com

अध्यक्षः ९८०२५४५८५०, उपाध्यक्षः ९८०२५४५८६०, प्रशासनः ९८०२५४५८७५, लेखाः ९८०२५४५८७७